**सम्मरीमाई गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन, २०७६**

प्रमाणीकरण मिति

२०७६।०७।०३

सम्वत् २०७६ सालको ऐन नं. ५

**प्रस्तावना :**
नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाइ प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सम्मरीमाइ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम सम्मरीमाई गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन, २०७६ रहेको छ ।

(२) यो ऐन सम्मरीमाई गाउँपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले सम्मरीमाई गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन, २०७६ सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले सम्मरीमाई गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले सम्मरीमाई गाउँपालिका सम्झनु पर्दछ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको गाउँसभा सम्झनु पर्दछ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त सम्मरीमाई गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने** : (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही सम्मरीमाई गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाइ लागू गर्न सक्नेछ ।